वधेयक संख्याः

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको वधेयक, 2074

2074

व्यवस्था पका-संसद स चवालय

संहदरवार, काठमाडौं

# उद्देश्य र कारण

नेपालको सं वधानको धारा 60 को उपधारा (3) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वत्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोगको सफारिस बमोजिम हुने उल्लेख भएको तथा सं वधानको धारा 251 बमोजिम प्राकृतिक स्रोतको परिचालन वा राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने वस्तृत आधार लगायत आयोगको अन्य काम, कर्तव्य अ धकार समेत संघीय कानून बमोजिम निर्धारण गर्न समेतको व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक भएकोले प्रस्तुत वधेयक पेश गर्नु परेको हो ।

(कृष्णबहादुर महरा)
उपप्रधान तथा अर्थ मन्त्री

## राष्ट्रिय प्राकृतिक स्रोत तथा  वत्त आयोग  वधेयक, 2074 मा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| स.नं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| 1 | 6 | राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोगसँग सम्बन्धित कुनै  वशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनका ला ग समयानुकूल कार्य व ध तोकी आयोगले स मति वा कार्यदल गठन गर्न आवश्यक भएकोले । | आयोगले गठन गर्ने स मति वा कार्यदलको काम, कार्य क्षेत्रगत शर्तहरु सम्वन्धी  वषयमा आयोगलाई नै अ धकार दिनु पर्ने । | आयोगले गठन गर्ने स मति वा कार्यदलबाट आयोगले सम्पादन गर्ने  वशेष प्रकृतिको कार्य सम्पादनमा सहयोग पुग्ने । |
| 2 | 22 | ऐनको | राष्ट्रिय | नियमावलीबाट |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयन गर्न आयोगले नियमावली बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले । | प्राकृतिक स्रोत तथा वत्त आयोगको काम कारवाही निय मत र व्यवस्थित गर्न आयोगको कार्यसँग सम्बन्धित नियमावली बन्ने । | ऐनको कार्यान्वयन गर्न सहज हुने । |
| 3 | 33 | ऐनको उद्देश्य कार्यान्वयन गर्न ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आयोगको काम, कर्तव्यका सम्बन्धमा निर्दे शका र कार्य व ध बनाउन सक्ने व्यवस्था गर्न आवश्यक | ऐनको उद्देश्य कार्यान्वयन गर्न ऐन र सो अन्तर्गत बनेको नियमको अधीनमा रही निर्दे शका र कार्य व ध बन्ने । | ऐन तथा नियमावलीको कार्यान्वयन गर्न सहज हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | भएकोले । | | |

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोग वधेयक, 2074 को व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| 2 | परिभाषा | वधेयकमा प्रयुक्त भएका शब्दावलीहरुको परिभाषा गर्न आवश्यक भएको । |
| 3 | आयोगको काम, कर्तव्य र अ धकार | आयोगको काम, कर्तव्य र अ धकारका सम्बन्धमा थप व्यवस्थित गर्न आवश्यक भएको । |
| 4 | राय परामर्श लन सक्ने | कार्य सम्पादन गर्ने सल सलामा आयोगले अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्ने वा राय प्राप्त गर्ने व्यवस्था गर्न आवश्यक भएको । |
| 5 | वशेषज्ञको सेवा लन सक्ने | आयोगले सम्पादन गर्नु पर्ने कार्य सम्बन्धमा वशेषज्ञ वा व शष्टीकृत निकायको सेवा लन आवश्यक हुने भएको । |
| 6 | स मति वा कार्यदल गठन गर्न सक्ने | समयानुकूल व भन्न क्षेत्रको वषयहरुमा आयोगले स मति वा कार्यदल बनाई कार्य सम्पादन गर्न आवश्यक भएको । |
| 7 | समन्वय र सहकार्य गर्न सक्ने | आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थानसँग समन्वय र सहकार्य |

| | | |
|---|---|---|
| | | गरी लक्ष्य पूरा गर्न आवश्यक भएको । |
| 8 | काम कारवाहीमा सहयोग गर्नु पर्ने | आयोगको कार्यसम्पादन गर्न आवश्यक सूचना तथा ववरण उपलब्ध गराई सहयोग समेत उपलव्ध हुने व्यवस्था गर्न आवश्यक भएको । |
| 9 | आयोगको कार्यालय | संघ, प्रदेश र स्थानीय निकायलाई उपयुक्त हुने गरी संघीय राजधानीमा आयोगको कार्यालय राख्न उपयुक्त भएको। |
| 10 | आयोगको बैठक | आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न समय समयमा बस्ने आयोगको बैठक र निर्णय प्रकृयालाई व्यवस्थित गर्न आवश्यक भएको। |
| 11 | कार्य वभाजन | आयोग संवैधानिक निकाय भएको र यसको कार्य वभाजन संवैधानिक निकाय आफैले निर्धारण गरी व्यवस्थित गर्न आवश्यक भएको। |
| 12 | कार्यवाहक भई काम गर्ने | आयोगमा अध्यक्षको अनुपस्थिति भएको अवस्थामा आयोगको कार्यलाई निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मलाउनु पर्ने भएको । |
| 13 | आयोगको काम कारवाहीमा बाधा नपर्ने | कुनै सदस्यको पद रिक्त हुँदा पनि आयोगको काम कारवाहीलाई निरन्तरता दिनु पर्ने भएको। |

| | | |
|---|---|---|
| 14 | प्राकृतिक स्रोतको परिचालन गर्दा लइने आधार | प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार तय गर्न आवश्यक भएको। |
| 15 | राजस्व बाँडफाँड गर्दा लइने आधार | नेपाल सरकार, प्रदेश तथा स्थानीय तह बीच र प्रदेश तथा स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्ने वस्तृत आधार र ढाँचा निर्धारण गर्न आवश्यक भएको। |
| 16 | अनुदान सफारिस गर्दा लइने आधार | नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई उपलव्ध गराउने वत्तीय समानीकरण अनुदान र सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार र प्रदेशलाई सफारिस गर्दा आयोगले लनु पर्ने आधारलाई व्यवस्थित गर्न आवश्यक भएको । |
| 17 | आयोगको संगठनात्मक संरचना र कर्मचारी | आयोगको कार्यसम्पादन गर्न आवश्यक संरचना र कर्मचारी व्यवस्थापनलाई कानूनद्बारा नै व्यवस्थित गर्न आवश्यक भएको। |
| 18 | पदीय मर्यादा तथा आचरण पालना गर्नुपर्ने | आयोगका पदाधकारीलाई आफ्नो कर्तव्य पूरा गर्ने सलसलामा कानूनी रुपमा नै पदीय आचरणको व्यवस्था |

| | | |
|---|---|---|
| | | गरी त्यसको पालना गर्ने गराउने व्यवस्था गर्न आवश्यक भएको । |
| 19 | बा र्षक प्रतिवेदन | आयोगले पेश गर्ने प्रतिवेदनमा समावेश हुने वषयवस्तु स्पष्ट गर्न आवश्यक भएको । |
| 20 | नेपाल सरकारसँग सम्पर्क | नेपाल सरकारसँग आयोगले सम्पर्क गर्ने निकाय तोक्न आवश्यक भएको। |
| 21 | अ धकार प्रत्यायोजन | आयोगको काम कारवाहीलाई सरल र छिटो छरितो बनाउन कुनै अ धकारीलाई अ धकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको । |
| 22 | नियम बनाउने अ धकार | ऐन कार्यान्वयनको ला ग नियम बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको । |
| 23 | निर्दे शका वा कार्य व ध बनाउने अ धकार | ऐन तथा नियमावली कार्यान्वयनको ला ग आयोगले निर्दे शका वा कार्य व ध बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको। |

# आ र्थक टिप्पणी

नेपालको सं वधानको धारा 250 बमोजिम गठन हुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोगका अध्यक्ष र सदस्यको पारिश्र मक लगायतका सु वधा संघीय सं चत कोषमा थ व्ययभार हुने व्यवस्था सं वधानमा रहेको छ । प्रस्ता वत वधेयकबाट केही आ र्थक व्ययभार पर्ने भए तापनि प्रस्तुत वधेयक पारित भएपछि राष्ट्रिय प्राकृतिक स्रोत तथा वत्त आयोगको सफारिसमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई अनुदान लगायतका वत्तीय साधन उपलब्ध गराउने व्यवस्थाले प्रदेश र स्थानीय तहमा वकासको गति तीव्र भई मुलुकको आ र्थक अवस्थामा सकारात्मक प्रभाव पर्ने तथा जनताको जीवनस्तरमा सुधार आउने दे खन्छ ।

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावनाः</u> राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसद्ले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “आयोग” भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ ।

(ग) “योजना” भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ ।

(घ) “सदस्य” भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद २

## आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगको काम, कर्तव्य र अधिकारः (1) संविधान तथा यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय

समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सफारिश गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सफारिश गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँड सम्बन्धमा उठेको ववाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँडका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका वषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव
दिने ।

(2) आयोगले सं वधान तथा यस ऐन बमोजिम सुझाव वा सफारिश दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लनेछ ।

४. राय परामर्श लन सक्ने: आयोगले आफ्नो काम, कर्तव्यको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लन सक्नेछ ।

५. वशेषज्ञको सेवा लन सक्नेः आयोगले सं वधान र यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रच लत संघीय कानून बमोजिम सम्बन्धित वशेषज्ञ वा व शष्टीकृत निकायको सेवा लन सक्नेछ ।

६. स मति वा कार्यदल गठन गर्न सक्ने: (1) आयोगसँग सम्बन्धित कुनै वशेष प्रकृतिको कार्य

सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (1) बमोजिमको समिति वा कार्यदलको काम, कार्यक्षेत्रगत शर्त तथा कार्यावधि त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>समन्वय तथा सहकार्य गर्न सक्ने:</u> आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ।

८. <u>काम कारवाहीमा सहयोग गर्नु पर्ने</u>: (१) आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीसँग सूचना, विवरण वा सहयोग माग गरेमा सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो सूचना, विवरण वा सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निकाय वा पदाधिकारीले त्यस्तो सूचना, विवरण वा सहयोग उपलब्ध नगराएमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीको तालुक निकायमा सहयोगको लागि लेखी पठाउन सक्नेछ ।

परिच्छेद ३

## आयोगको कार्यसञ्चालन

९. आयोगको कार्यालय: आयोगको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।

१०. आयोगको बैठकः (१) आयोगले संवधान, यस ऐन र अन्य प्रचलत कानून बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको सचवले आयोगको बैठक बस्ने मति, समय र स्थान तोकी वैठकमा छलफल हुने वषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया: अठचालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपदफा (३) बमोजिम वैठकमा छलफल हुने वषषसूचीमा उल्लिखत वषयको अतिरिक्त अन्य कुनै वषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गराउन चाहेको वषय र कारण सहितको सूचना वैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै आयोगको सचवलाई

दिनु पर्नेछ ।त्यसरी सूचना प्राप्त हुनासाथ आयोगको स चवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र त्यस्तो वषय आयोगको वैठकको कार्यसूचीमा परेको मानिनेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा ले खएको भएतापनि आयोगको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले वषयसूचीमा नपरेको वषयमा पनि छलफल गरी निर्णय गर्न स कनेछ ।

(६) आयोगमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको ला ग गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(८) आयोगको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(९) आयोगको निर्णयको अ भलेख आयोगको स चवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ ।

(१०) आयोगको वरिष्ठतम कर्मचारीले आयोगको बैठकमा स चवको रुपमा काम गर्नेछ ।

(११) आयोगको बैठक सम्बन्धी अन्य कार्य व ध आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>कार्य वभाजनः</u> अध्यक्ष र सदस्यको कार्य वभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>कार्यबाहक भई काम गर्नेः</u> कुनै कारणबस अध्यक्षको पद रिक्त भएमा, निज निलम्बनमा परेमा, वदेश भ्रमणमा गएकोमा वा सात दिनभन्दा बढी समयसम्म वदामा रहेकोमा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ।

१३. <u>आयोगको काम कारबाहीमा बाधा नपर्नेः</u> कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारबाहीमा बाधा पर्ने छैन ।

## परिच्छेद ४

## <u>प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान</u>

१४. <u>प्राकृतिक स्रोतको परिचालन गर्दा लइने आधार:</u> (1) आयोगले प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा देहायका आधारमा तय गरी नेपाल सरकारमा सफारिश गर्नु पर्नेछ :–

(क) राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(ख) लगानी गर्न सक्ने क्षमता,

(ग) प्राप्त गर्ने उपलब्धिको हिस्सा,

(घ) प्राप्त उपलब्धिको उपभोगको हिस्सा,

(ङ) पूर्वाधारको अवस्था र आवश्यकता ।

(२) आयोगले उपदफा (1) बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सफारिश गर्नु पर्नेछ :–

(क) परिचा लत प्राकृतिक स्रोतको अवस्थिति,

(ख) प्राकृतिक स्रोतको परिचालनबाट प्रभा वत क्षेत्र,

(ग) परिचा लत प्राकृतिक स्रोत उपरको निर्भरता,

(घ) प्रतिफलबाट लाभान्वित जनसंख्या,

(ङ) प्राकृतिक स्रोतमा आ श्रित जनसंख्या,

(च) प्राकृतिक स्रोतको संरक्षणमा सहभागीता ।

१५. <u>राजस्वको बाँडफाँड गर्दा लइने आधार:</u> (1) आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्ने वस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सफारिश गर्नु पर्नेछ :–

(क) जनसंख्या,

(ख) क्षेत्रफल,

(ग) राजस्व संकलनमा गरेको प्रयास,

(घ) खर्चको आवश्यकता,

(ङ) मानव वकास सुचकाङ्क,

(च) पूर्वाधार वकास,

(छ) वशेष अवस्था।

(२) आयोगले उपदफा (१) बमोजिमको वस्तृत आधार र ढाँचा पाँच वर्षको ला ग निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा ( २) मा जुनसुकै कुरा ले खएको भए तापनि उपदफा ( १) बमोजिम निर्धारण गरिएको वस्तृत आधार र ढाँचा वशेष कारणवश दुई वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा ( ३) बमोजिम अनुरोध गरिएको व्यहोरा मना सव दे खएमा आयोगले उपदफा (१) बमोजिमको निर्धारित वस्तृत आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सफारिश गर्नेछ ।

१६. <u>अनुदान सफारिश गर्दा लइने आधार:</u> (1) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रच लत कानून बमोजिम उपलव्ध गराउने वत्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सफारिश गर्दा आयोगले देहायका आधार लई गर्नु पर्नेछः-

(क) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(ख) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता,

(ग) प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्‍याउनु पर्ने सेवा,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार वकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहको मानव वकास सुचकाङ्क ,

(च) अन्य प्रदेश वा स्थानीय तहको सन्तु लत वकासको अवस्था,

(छ) प्रदेश तथा स्थानीय तहमा रहेको आ र्थक, सामाजिक वा अन्य कुनै प्रकारको वभेदको अवस्था,

(ज) प्रदेश तथा स्थानीय तहमा रहेको शक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा उपलब्धताको अवस्था ।

(२) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रच लत कानून बमोजिम उपलव्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सफारिश

गर्दा आयोगले सं वधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र उपदफा (१) मा उल्लि खत वषयहरुलाई आधार लई गर्नु पर्नेछ ।

## परिच्छेद ५

## व वध

१७. आयोगको संगठनात्मक संरचना र कर्मचारी: (१) आयोगको संगठन संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) आयोगको कार्य सञ्चालनको ला ग आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

१८. पदीय मर्यादा तथा आचरण पालन गर्नुपर्नेः आयोगका अध्यक्ष तथा सदस्यले आफ्नो कार्य सम्पादन गर्दा सं वधान, यस ऐन तथा प्रच लत कानून बमोजिमको पदीय मर्यादा तथा आचरण पालन गर्नुपर्नेछ ।

१९. वा र्षक प्रतिवेदनः (१) आयोगले आफूले गरेको काम कारबाहीको वा र्षक प्रतिवेदन आ र्थक वर्ष समाप्त भएको मतिले तीन महिना भत्र राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बा र्षक प्रतिवेदनमा अन्य वषयको अतिरिक्त देहायका वषय समेत समावेश गर्नुपर्नेछः–

(क) आयोगको वा र्षक कार्यक्रमको कार्यान्वयन सम्बन्धी ववरण तथा लागत खर्च,

(ख) आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तह्लाई दिएको सफारिश तथा सुझावको ववरण,

(ग) सफारिश तथा सुझाव कार्यान्वयनको अवस्था,

(घ) आयोगको आ र्थक तथा भौतिक स्रोत साधन तथा त्यसको उपयोगको अवस्था,

(ङ) प्राकृतिक स्रोत तथा राजस्व बाँडफाँड सम्बन्धी अन्य वषयमा गर्नु पर्ने सुधार सम्बन्धी सुझाव,

(च) यस ऐन बमोजिम आयोगले पूरा गर्नुपर्ने दायित्व निर्वाहका

सम्बन्धमा गरिएको अन्य काम कारबाहीको ववरण ।

(३) उपदफा (1) बमोजिमको प्रतिवेदन संघीय संसदमा पेश भएपछि आयोगले सो प्रतिवेदन सर्वसाधारणको जानकारीको ला ग प्रकाशन गर्नेछ ।

२०. <u>नेपाल सरकारसँग सम्पर्क:</u> आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार, अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. <u>अ धकार प्रत्यायोजन:</u> आयोगले सं वधान तथा यस ऐन बमोजिम आफूलाई प्राप्त अ धकारमध्ये आवश्यकता अनुसार कुनै अ धकार तो कएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी अध्यक्ष, सदस्य, आयोगको स चव वा नेपाल सरकार, प्रदेश वा स्थानीय तहको कुनै अ धकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. <u>नियम बनाउने अ धकारः</u> (१) यो ऐनको कार्यान्वयनको ला ग आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने नियममा नेपाल सरकारलाई आ र्थक भार वा दायित्व पर्ने

वषय समावेश भएमा अर्थ मन्त्रालयको सहमति लनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगले बनाएको नियम नेपाल राजपत्रमा प्रकाशन भएको मतिबाट प्रारम्भ हुनेछ ।

२३. <u>निर्दे शका वा कार्य व ध बनाउने अ धकार:</u> आयोगबाट सम्पादन हुने काम सुचारू रुपले सञ्चालन गर्न वा गराउनको ला ग आयोगले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्दे शका वा कार्य व ध बनाउन सक्नेछ ।